सूर्यविनायक नगरपालिका, नगरकार्यपालिकाको मिति २०८३/०३/०३ गतेको २०९औं बैठक

बैठक संख्याः ४/२०९औं

आज मिति २०८३ असार ०३ गते बुधबारका दिन यस सूर्यविनायक नगरपालिका नगर कार्यपालिकाको २०९औं बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायका विषयमा छलफल तथा निर्णय गरियो।

उपस्थिति :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बासुदेव थापा | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री सरिता तिमसिना भट्टराई | नगर उप-प्रमुख (सदस्य) | |
| ३ | श्री सानुकाजी कायस्थ | वडा अध्यक्ष वडा नं. १ (सदस्य) | |
| ४ | श्री प्रदिप कार्की | वडा अध्यक्ष वडा नं. २ (सदस्य) | |
| ५ | श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. ३ (सदस्य) | |
| ६ | श्री लछुराम न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ (सदस्य) | |
| ७ | श्री राजकुमार जोशी | वडा अध्यक्ष वडा नं. ५ (सदस्य) | |
| ८ | श्री ईश्वर खड्का | वडा अध्यक्ष वडा नं. ६ (सदस्य) | |
| ९ | श्री रबिन्द्र सापकोटा | वडा अध्यक्ष वडा नं. ७ (सदस्य) | |
| १० | श्री पुष्पराज बस्नेत | वडा अध्यक्ष वडा नं. ८ (सदस्य) | |
| ११ | श्री भगवान खत्री | वडा अध्यक्ष वडा नं. ९ (सदस्य) | |
| १२ | श्री शिवराम राउत | वडा अध्यक्ष वडा नं.१० (सदस्य) | |
| १३ | श्री तारा खतिवडा सापकोटा | कार्यपालिका सदस्य | |
| १४ | श्री कमला पोखरेल | कार्यपालिका सदस्य | |
| १५ | श्री शर्मिलो बस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री सावित्री मिश्र | कार्यपालिका सदस्य | |
| १७ | श्री हेमा दाहाल खतिवडा | कार्यपालिका सदस्य | |
| १८ | श्री सुमन परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रजुन तिखत्री | कार्यपालिका सदस्य | |
| २० | श्री सुनिल भुजेल | कार्यपालिका सदस्य | |
| २१ | श्री युवराज आचार्य | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

आमन्त्रितः

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्पराज न्यौपाने | वरिष्ठ शाखा अधिकृत | |

*सूर्यविनायक नगरपालिका, नगरकार्यपालिकाको मिति २०८३/०३/०३ गतेको २०९औं बैठक*

<u>प्रस्तावहरु:</u>

१. नियमित समिक्षा सम्वन्धमा।
२. नगरसभाको २०औं अधिवेशनको कार्यसूची सम्बन्धमा ।
३. बालमैत्री वडा घोषणा सम्वन्धमा।
४. बालमैत्री विद्यालयका लागि खर्च विद्यालयलाई भूक्तानी सम्बन्धमा
५. दमकल सञ्चालन खर्च भूक्तानी ।
६. विपद राहत सम्वन्धमा ।
७. आर्थिक विधेयक, २०८३ को मस्यौदा सम्बन्धमा ।
८. शाखागत तथा वडागत बजेट कार्यक्रम प्रस्ताव सम्बन्धमा ।
९.विविध सम्बन्धमा।

<u>निर्णय नं. १: नियमित समीक्षा सम्बन्धमा:</u>

कार्यपालिकाको २०८औं लगायत यस अघिका बैठकका निर्णयहरु कार्यान्वनयको अवस्था बैठकमा प्रस्तुत भई आवश्यक छलफल तथा समीक्षा भयो । बैठकका निर्णय कार्यान्वयको अवस्था बारे समग्र संक्षिप्त समीक्षा सहित विगतका राम्रा पक्षको निरन्तरता दिने र कमजोरीहरु सुधार गर्दै जाने।

<u>निर्णय नं. २: नगरसभाको २०औं अधिवेशनको कार्यसूची सम्बन्धमा:</u>

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बागमती प्रदेश गाउँसभा तथा नगरसभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ तथा प्रचलित कानुनी व्यवस्थाबमोजिम आयोजना हुने सूर्यविनायक नगरपालिकाको नगरसभाको २०औं अधिवेशनमा पेश हुने वार्षिक नीति तथा कार्यक्रम, आर्थिक वर्ष २०८३/०८४ को बजेट, आर्थिक विधेयक, २०८३ विनियोजन विधेयक, २०८३ विभिन्न ऐन संशोधनसम्बन्धी विधेयक, आर्थिक सर्वेक्षण, वार्षिक प्रगति प्रतिवेदन तथा अन्य विषयगत प्रस्तावहरू सहितको प्रस्तावित कार्यसूचीमाथि छलफल हुँदा देहाय बमोजिमको कार्यसूची स्वीकृत गर्ने तथा आवश्यक परिमार्जन, थपघट वा क्रम मिलाउने अधिकार नगर प्रमुखलाई प्रदान गर्ने ।

<u>मिति २०८३/०३/०९ गते सञ्चालन हुने सूर्यविनायक नगरपालिकाको नगरसभाको २०औं अधिवेशनको पहिलो बैठकका लागि तय गरिएको कार्यसूची</u>

| सि.नं. | कार्यक्रम | समय |
|---|---|---|
| १ | विधायन समितिका संयोजक श्री प्रदिप कार्कीले आचार संहिता बाचन गर्नुहुने। | ११:०० बजे |
| २ | सूर्यविनायक नगरपालिकाका नगर प्रमुख श्री बासुदेव थापाज्यूले सूर्यविनायक नगरपालिकाको आर्थिक बर्ष ०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम नगर सभासमक्ष पेश गर्नुहुने । | ११:१५ बजे |

| | | |
|---|---|---|
| ३ | क. विधायन समितिका संयोजक श्री प्रदिप कार्कीले नगर सभासमक्ष विधायन समितिको बार्षिक प्रतिवेदन पेश गर्नुहुने।<br>ख. विधायन समितिका संयोजक श्री प्रदिप कार्कीले "सूर्यविनायक नगरपालिकाको केही ऐन संसोधन गर्न बनेको विधेयक, २०८३" नगर सभासमक्ष पेश गर्नुहुने । | १२:१५ बजे |
| २ | क. सूर्यविनायक नगरपालिकाका उपप्रमुख श्री सरिता भट्टराई तिमसिनाले "राजस्व परामर्श समितिको प्रतिवेदन" र "चालु आर्थिक बर्षको हालसम्मको आय-व्यय विवरण" नगर सभासमक्ष पेश गर्नुहुने ।<br>ख. सूर्यविनायक नगरपालिकाका उपप्रमुख श्री सरिता भट्टराई तिमसिनाले "नगरपालिकाको आर्थिक सर्वेक्षण, २०८३" सभासमक्ष पेश गर्नुहुने ।<br>ग. सूर्यविनायक नगरपालिकाका उपप्रमुख श्री सरिता भट्टराई तिमसिनाले सूर्यविनायक नगरपालिकाको "मध्यकालीन खर्च संरचना (MTEF), २०८३" नगर सभासमक्ष पेश गर्नुहुने ।<br>घ. सूर्यविनायक नगरपालिकाका उपप्रमुख श्री सरिता भट्टराई तिमसिनाले "न्यायिक समितिको बार्षिक प्रतिवेदन" नगर सभासमक्ष पेश गर्नुहुने।<br>ङ. सूर्यविनायक नगरपालिकाका उपप्रमुख श्री सरिता भट्टराई तिमसिनाले "अनुगमन तथा सुपरीवेक्षण समितिको बार्षिक प्रतिवेदन" सभासमक्ष पेश गर्नुहुने । | १२:३० बजे |
| ३ | सार्वजनिक लेखा समितिका सदस्य श्री तारा सापकोटाले समितिको बार्षिक प्रतिवेदन नगर सभासमक्ष पेश गर्नुहुने । | १३:०० बजे |
| ४ | सामाजिक विकास समितिका संयोजक श्री रविन्द्र सापकोटाले नगर सभासमक्ष समितिको बार्षिक प्रतिवेदन पेश गर्नुहुने । | १३:१५ |
| ५ | आर्थिक विकास समितिका संयोजक श्री पुष्पराज बस्नेतले समितिको बार्षिक प्रतिवेदन नगर सभासमक्ष पेश गर्नुहुने । | १३:३० |
| ६ | पूर्वाधार विकास समितिका संयोजक श्री शिवराज राउतले समितिको बार्षिक प्रतिवेदन नगर सभासमक्ष पेश गर्नुहुने । | १३:४५ बजे |
| ७ | वन, वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक श्री भगवान खत्रीले समितिको बार्षिक प्रतिवेदन नगर सभासमक्ष पेश गर्नुहुने । | १४:०० बजे |
| ८ | क. सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिका संयोजक श्री सानुकाजी कायस्थले "सूर्यविनायक नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण संशोधन प्रतिवेदन, २०८३" र समितिको बार्षिक प्रतिवेन सभासमक्ष पेश गर्ने ।<br>ख. सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिका | १४:१५ बजे |

| | | |
|---|---|---|
| | संयोजक श्री सानुकाजी कायस्थले सूर्यविनायक नगरपालिकाको सार्वजनिक सम्पत्तीको बार्षिक विवरण, २०८३ नगर सभासमक्ष पेश गर्नुहुने । | |
| १० | सभाध्यक्ष एवं नगर प्रमुख श्री बासुदेव थापाज्यूले मिति २०८३/०३/०९ गते पेश भएको सूर्यविनायक नगरपालिकाको आर्थिक बर्ष ०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम उपर आफ्नो धारणा राख्न सचिवालयमा नाम टिपाउन ३ मिनेट समय दिनुहुने। | १४:३० |
| ११ | नगर प्रमुख श्री बासुदेव थापाज्यूले मिति २०८३/०३/०९ गते पेश पेश भएको सूर्यविनायक नगरपालिकाको आर्थिक बर्ष ०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने। | १५:३० |

**मिति २०८३/०३/१० गते सञ्चालन हुने सूर्यविनायक नगरपालिका नगरसभाको २०औं अधिवेशनको दोस्रो बैठकका लागि तय गरिएको कार्यसूची**

| सि.नं. | कार्यक्रम | समय |
|---|---|---|
| १ | क. सूर्यविनायक नगरपालिकाका उपप्रमुख श्री सरिता भट्टराई तिमसिनाले आर्थिक बर्ष ०८३/०८४ को सालबसाली "आर्थिक विधेयक, २०८३" सभासमक्ष पेश गर्नुहुने ।<br>ख. सूर्यविनायक नगरपालिकाका उपप्रमुख श्री सरिता भट्टराई तिमसिनाले "सूर्यविनायक नगरपालिकाको आर्थिक बर्ष ०८३/०८४ को बार्षिक आय-व्यय विवरण (बजेट)" पेश गर्नुहुने<br>ग. सूर्यविनायक नगरपालिकाका उपप्रमुख श्री सरिता भट्टराई तिमसिनाले "सूर्यविनायक नगरपालिकाको विनियोजन विधेयक, २०८३" पेश गर्नु हुने | १०:३० बजे |
| २ | सभाध्यक्ष एवं नगर प्रमुख श्री बासुदेव थापाज्यूले मिति २०८३/०३/०९ गते पेश भएका विषयगत समितिका प्रतिवेदन, आर्थिक विधेयक, २०८३, नगरपालिकाका केहि ऐन संशोधन गर्न बनेको विधेयक, २०८३, र आज मिति २०८३/०३/१० गते नगर उपप्रमुखले पेश गर्नु भएको बार्षिक आय-व्यय विवरण (बजेट) तथा विनियोजन विधेयक, २०८३ उपर आफ्नो धारणा राख्न सचिवालयमा नाम टिपाउन ३ मिनेट समय दिनुहुने। | ११:३० बजे |

| | | |
|---|---|---|
| ३ | नगर प्रमुख श्री बासुदेव थापाले मिति २०८३/०३/०९ गते सूर्यविनायक नगरपालिकाका उपप्रमुख श्री सरिता भट्टराई तिमसिनाले पेश गर्नु भएको राजस्व परामर्श समितिको प्रतिवेदन, चालु आर्थिक बर्षको हालसम्मको आय-व्यय विवरण, नगरपालिकाको आर्थिक सर्वेक्षण, २०८३, मध्यकालीन खर्च संरचना (MTEF) २०८३, न्यायिक समितिको बार्षिक प्रतिवेदन, अनुगमन तथा सुपरीवेक्षण समितिको बार्षिक प्रतिवेदन र आर्थिक विधेयक, २०८३ सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने । | १२:०० बजे |
| ४ | सभाध्यक्ष तथा नगर प्रमुख श्री बासुदेव थापाज्यूले मिति २०८३/०३/०९ गते विधायन समितिका संयोजक श्री प्रदिप कार्कीले नगर सभामा पेश गर्नु भएको विधायन समितिको बार्षिक प्रतिवेदन र सूर्यविनायक नगरपालिकाको केही ऐन संसोधन गर्न बनेको विधेयक, २०८३ नगर सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने । | ११:५० बजे |
| ३ | नगर प्रमुख श्री बासुदेव थापाज्यूले मिति २०८३/०३/०९ गते सार्वजनिक लेखा समितिका सदस्य श्री तारा सापकोटाले सभाको बैठकमा पेश गर्नु भएको लेखा समितिको बार्षिक प्रतिवेदन नगर सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने । | ११:५५ बजे |
| ४ | नगर प्रमुख श्री बासुदेव थापाज्यूले मिति २०८३/०३/०९ गते सामाजिक विकास समितिका संयोजक श्री रविन्द्र सापकोटाले नगर सभामा पेश गर्नु भएको सामाजिक समितिको बार्षिक प्रतिवेदन नगर सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने । | १२:०२ बजे |
| ५ | सभाध्यक्ष तथा नगर प्रमुख श्री बासुदेव थापाज्यूले मिति २०८२/०३/०९ गते आर्थिक विकास समितिका संयोजक श्री पुष्पराज बस्नेतले सभाको बैठकमा पेश गर्नु भएको आर्थिक समितिको बार्षिक प्रतिवेदन नगर सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने । | १२:१० बजे |
| ६ | नगर प्रमुख श्री बासुदेव थापाज्यूले मिति २०८३/०३/०९ गते नगर सभामा पूर्वाधार विकास समितिका संयोजक श्री शिवराम राउतले पेश गर्नु भएको पूर्वाधार विकाससमितिको बार्षिक प्रतिवेदन नगर सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने । | १२:१५ बजे |
| ७ | नगर प्रमुख श्री बासुदेव थापाज्यूले मिति २०८३/०३/०९ गते नगर सभाको बैठकमा वन, वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक श्री भगवान खत्रीले पेश गर्नु भएको समितिको बार्षिक प्रतिवेदन नगर सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने । | १२:२० बजे |
| ८ | सभाध्यक्ष तथा नगर प्रमुख श्री बासुदेव थापाज्यूले मिति २०८३/०३/०९ | १२:२५ बजे |

| | | |
|---|---|---|
| | गते सभाको बैठकमा सुशासन, सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिका संयोजक श्री सानुकाजी कायस्थले पेश गर्नु भएको नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण संशोधन प्रतिवेदन, २०८३ र नगरपालिकाको सार्वजनिक सम्पत्तिको वार्षिक विवरण, २०८३ तथा समितिको वार्षिक प्रतिवेन सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने। | |
| ९ | सूर्यविनायक नगरपालिकाका नगर प्रमुख एवं सभाध्यक्ष श्री बासुदेव थापाज्यूले मिति २०८३/०३/१० गते उप प्रमुख श्री सरिता भट्टराई तिमसिनाले सभाको बैठकमा पेश गर्नु भएको सूर्यविनायक नगरपालिकाको आर्थिक बर्ष ०८३/०८४ को बार्षिक आय-व्यय विवरण (बजेट) तथा विनियोजन विधेयक, २०८३ सभा समक्ष निर्णयार्थ पेश गर्नुहुने । | १२:३० बजे |
| १० | नगर प्रमुख श्री वासुदेव थापाज्यूले सूर्यविनायक नगरपालिका नगर सभाको २०औं अधिवेशन अन्त्य गर्नुहुने । | १२:३५ बजे |

**निर्णय नं ३: बालमैत्री वडा घोषणा सम्बन्धमा:**

संघीय सरकार तथा बागमती प्रदेश सरकारबाट निर्धारित बालमैत्री स्थानीय शासन (CFLG) का सूचकहरू पूरा गरी जिल्ला समन्वय समिति, भक्तपुरबाट आवश्यक स्थलगत अनुगमन तथा प्रमाणीकरण प्रक्रिया समेत सम्पन्न भइसकेको सन्दर्भमा सूर्यविनायक नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने पूर्वतयारीस्वरूप नगरपालिकाअन्तर्गतका सबै वडाहरूलाई बालमैत्री वडा घोषणा गर्ने निर्णय गरियो। सोहीबमोजिम वडा नं. १ र वडा नं. २ को घोषणा कार्यक्रम २०८३ साल असार १३ गते क्रमशः बिहान ११:०० बजे र अपराह्न ३:०० बजे तथा बाँकी वडाहरूको घोषणा कार्यक्रम २०८३ साल असार १७ गतेभित्र स्वीकृत कार्यतालिकाअनुसार सम्पन्न गर्ने तथा घोषणा कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र मर्यादित रूपमा सम्पन्न गर्न आवश्यक सम्पूर्ण प्रशासनिक, प्राविधिक तथा व्यवस्थापकीय तयारी मिलाउने निर्णय गरियो।

**निर्णय नं. ४ : बालमैत्री विद्यालयका लागि खर्च विद्यालयलाई भुक्तानी सम्बन्धमा:**

नगरपालिकाबाट सञ्चालित बालमैत्री विद्यालय प्रवर्द्धन कार्यक्रम अन्तर्गत निर्धारित मापदण्ड, कार्ययोजना तथा सम्झौताबमोजिम सम्बन्धित देहायका विद्यालयहरूले सम्पन्न गरेका कार्यहरूको प्राविधिक तथा प्रशासनिक प्रमाणीकरणका आधारमा स्वीकृत बजेटको सीमाभित्र रही सम्बन्धित विद्यालयहरूलाई शोधभर्ना/भुक्तानी उपलब्ध गराउने निर्णय गरियो।